# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।२६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

----------------------------------------------------------

ललितपुर महानगरपालिकाको कार्यालय, नक्सा शाखा, ललितपुरका अमिन बिरेन्द्रबहादुर चन्दले स्थलगत नापजाँच गरी घर/बाटो सिफारिस गर्ने कामका लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज अमिन बिरेन्द्रबहादुर चन्दलाई सेवाग्राहीसँग रु.२०,०००।- (बीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त महानगरपालिकाको कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज अमिन बिरेन्द्रबहादुर चन्दले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजलाई बिगो रु.२०,०००।- (बीस हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता